भिमसेनथापा गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

खाञ्चोक, गोरखा ।

# भिमसेनथापा गाउँपालिका जलश्रोत तथा मुहान दर्ता कार्यविधि, २०७६

Scanned with CamScanner

# भिमसेनथापा गाउँपालिका जलश्रोत तथा मुहान दर्ता कार्यविधि, २०७६

कार्यपालिका बैठकबाट स्वीकृत मितिः २०७६।०८।१२

**प्रस्तावना :**

भिमसेनथापा गाउँपालिका भित्रको भू-सतहमा वा भूमिगत वा अन्य कुनै अवस्थामा रहेको जलश्रोतको समुचित उपयोग, संरक्षण, व्यवस्थापन र विकास गर्न एवं जलश्रोतको लाभदायक उपयोगहरुको निर्धारण गर्ने, त्यस्तो उयोगबाट हुने वातावरणीय तथा अन्य हानीकारक प्रभावको रोकथाम गर्ने एवं जलश्रोतलाई प्रदुषणमुक्त राखी समुचित प्रयोग गर्न बान्छनीय भएकोले नेपालको संविधानको धारा २२६(१) अनुसूची ८ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (प) ले दिएको अधिकार प्रयोग गरी भिमसेनथापा गाउँ कार्यपालिकाले मितिः २०७६।०८।१२ गते वसेको बैठकले यो कार्यविधि जारी गरेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस कार्यविधिको नाम भिमसेनथापा गाउँपालिका जलश्रोत तथा मुहान दर्ता कार्यविधि, २०७६' रहेको छ ।

(२) यो कार्यवधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) "जलश्रोत" भन्नाले गाउँभित्रको भू-सतहमा वा भूमिगत वा अन्य जुनसुकै अवस्थमा रहेको पानी सम्झनुपर्छ ।

(ख) "लाभदायक उपयोग" भन्नाले उपलब्ध साधन र श्रोतले भ्याएसम्म उचित रुपले गरिएको जलश्रोतको उपयोग सम्झनुपर्छ ।

(ग) "अनुमतिपत्र प्राप्त व्यक्ति" भन्नाले जलश्रोतको उपयोग गर्ने दफा ड बमोजिम अनुमतिपत्र प्राप्त व्यक्ति वा सङ्गठित संस्था सम्झनुपर्छ ।

(ग) "उपभोक्ता संस्था" भन्नाले दफा ५ बमोजिम गठित जल उपभोक्ता संस्था सम्झनुपर्छ ।

(ङ) "गाउँ जलश्रोत समिति " भन्नाले दफा ९ बहोजिम गठित समिति सम्झनुपर्छ ।

(च) "अनुमति पत्र" भन्नाले दफा १५ बमोजिम दिईने अनमति पत्र सम्झनुपर्छ ।

(छ) "सर्वेक्षण" भन्नाले जलश्रोत उपयोगका लागि गरिने विस्तृत सम्भाव्यता अध्ययन, प्रारम्भिक वातावरणीय परीक्षण, वातावरणीय प्रभाव मूल्याङ्कन, डिजाईन र त्यसका लागि गरिने अन्वेषण सम्बन्धी कार्य सम्झनुपर्छ ।

ईश्वर थापा
अध्यक्ष

Scanned with CamScanner

(ज) "उपभोक्ता" भन्नाले सम्बन्धित सेवा प्रयोग तथा उपभोग गर्ने व्यक्ति सम्झनुपर्छ ।

(झ) "सेवा शुल्क" भन्नाले गाउँपालिका वा अधिकार प्राप्त व्यक्तिले उपलब्ध गराएको जलश्रोतसंग सम्बन्धित सेवा उपभोग गरेवापत उपभोक्ताले बुझाउनुपर्ने शुल्क सम्झनुपर्छ ।

(ञ) " गाउँपालिका" भन्नाले भिमसेनथापा गाउँपालिकालाई सम्झनुपर्छ ।

(ट) "अध्यक्ष भन्नाले गाउँपालिकाको अध्यक्षलाई सम्झनुपर्छ ।

(ठ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ ।

३. जलश्रोत स्वामित्वः गाउँपालिकाभित्र रहेको जलश्रोतको स्वामित्व गाउँपालिकामा निहीत रहनेछ ।

४. जलश्रोत उपयोगः (१) यस कार्यविधि बमोजिम अनुमतिपत्र प्राप्त नगरी कसैले पनि जलश्रोतको उपयोग गर्न पाउने छैन । (२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि देहाय बमोजिम जलश्रोतको उपयोग गर्न अनुमतिपत्र लिनुपर्ने छैनः

(क) व्यक्तिगत वा सामुहिक रुपमा आफ्नो निमित्त खानेपानी र अन्य घरेलु प्रयोगको लागि उयोग गर्न,

(ख) व्यक्तिगत वा सामुहिक रुपमा आफ्नो जग्गाको सिंचाई गर्न,

(ग) घरेलु उद्योगको रुपमा पानीघट्ट वा पानीचक्की चलाउन,

(घ) व्यक्तिगत रुपमा स्थानीय आवागमनको लागि ढुङ्गाको प्रयोग गर्न,

(ङ) जग्गा धनीले आफ्नो जग्गाभित्र मात्र सीमित रहेको जलश्रोत नियमानुसार उपयोग गर्न ।

(३) जलश्रोतको उपयोग गर्ने व्यक्ति वा सङ्गठित संस्थाले अरुलाई मर्का नपर्ने गरी लाभदायक उपयोग गर्नुपर्नेछ ।

५. जल उपभोक्ता संस्थाको गठनः (१) सामुहिक लाभका लागि संस्थागत रुपमा जलश्रोतको उपयोग गर्न चाहने व्यक्तिहरुले पदाधिकारी तथा सदस्य समेत गरी कम्तीमा सात जना भएको उपभोक्ता संस्था गठन गर्न सक्नेछन् ।

(२) उपदफा (१) बमोजिम उपभोक्ता संस्था गठन गरी दर्ता गराउन चाहने सम्बन्धित उपभोक्ताहरु मध्येबाट कम्तीमा सात जना उपभोक्ताहरुले अनुसूची १ बमोजिमको ढाँचामा उपभोक्ता संस्थाको एकप्रति विधान र एक हजार रुपैंया दस्तुर सहित गाउँ जलश्रोत समिति समक्ष दरखास्त दिनु पर्नेछ ।

Scanned with CamScanner

६. विधानमा खुलाउनुपर्ने विवरणहरुः दफा ५ बमोजिम पेश गर्नु पर्ने उपभोक्ता संस्थाको विधानमा संस्था सम्बन्धी देहायका विवरणहरु खलाउनु पर्नेछः

(क) पुरा नाम र ठेगाना,

(ख) उद्देश्य तथा कार्यक्षेत्र,

(ग) सदस्यको लागि योग्यता र सदस्यता शुल्क,

(घ) सदस्यको निष्काशन र राजीनामा,

(ङ) हक दावी, नामासारी वा हकवालाको मनोंनयन,

(च) साधारण सभा सम्बन्धी,

(छ) सञ्चालक समितिको गठन (निर्वाचन एवं काम, कर्तव्य र अधिकार,

(ज) सञ्चालक पदमा वहाल रहन नसक्ने अवस्था,

(झ) सञ्चालक समितिको बैठक सम्बन्धी कार्यबिधि,

(ञ) कोष र लेखापरीक्षण,

(ट) बिधान संशोधन,

(ठ) विघटन,

(ड) विविध ।

७. दर्ता र प्रमाणपत्रः (१) दफा ५ बमोजिम पर्न आएको दरखास्त उपर गाउँ जलश्रोत समितिले आवश्यक जाँचबुझ गरी उपभोक्ता संस्था दर्ता गर्न उपयुक्त देखेमा दर्ता गरी अनुसूची-२ बमोजिमको ढाँचामा उपभोक्ता संस्था दर्ताको प्रमाणपत्र दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम कुनै उपभोक्ता संस्था दर्ता गर्न उपयुक्त नदेखेमा गाउँ जलश्रोत समितिले सोको स्पष्ट कारण खोली दरखास्तवालालाई दरखास्त परेको मितिले तीस दिनभित्र सो कुराको सूचना दिनु पर्नेछ ।

(३) यो कार्यविधि प्रारम्भ हुनु अगावै प्रचलित कानून बमोजिम दर्ता भएका उपभोक्ता संस्थाहरु यसै कार्यविधि बमोजिम भएका मानिनेछ ।

Scanned with CamScanner

८. विधान संशोधनः उपभोक्ता संस्थाले आफ्नो विधान संशोधन गर्नु परेमा विधानको प्रक्रिया पूरा गरी तयार गरिएको विधानको संसोधित मस्यौदा गाउँ जलश्रोत समितिमा पेश गर्नु पर्नेछ र समितिले तत् सम्बन्धमा आवश्यक जाँचबुझ गरी विधान संसोधन गर्न स्वीकृति दिन सक्नेछ ।

९.गाउँ जलश्रोत समितिको गठनः (१) गाउँपालिका भित्र रहेको जलश्रोतको उपयोगको लागि अनुमति पत्र प्रदान गर्ने प्रयोजनको लागि गाउँ जलश्रोत समिति रहनेछः

(२) गाउँ जलश्रोत समितिमा देहायका अध्यक्ष र सदस्यहरु रहनेछन्:

(क) गाउँपालिकाको अध्यक्ष - अध्यक्ष

(ख) जलश्रोत दर्ता गर्ने सम्बन्धित वडाको अध्यक्ष - सदस्य

(ग) गाउँपालिकाको प्राविधिक शाखा प्रमुख - सदस्य

(घ) गाउँपालिकाको कृषि शाखा प्रमुख - सदस्य

(ङ) बन सब डिभिजन कार्यालयको प्रमुख/अधिकृत प्रतिनिधि - सदस्य

(च) अध्यक्षले तोकेको गाउँकार्यपालिकाको सदस्य - सदस्य

(छ) प्रमुख प्रशासकीय अधिकृत - सदस्य सचिव

१०. जलश्रोत समितिको बैठक र कार्यविधिः (१) समितिको बैठक अध्यक्षले तोकाको मिति, समय र स्थानमा आवश्यकता अनुसार बस्नेछ ।

(२) बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ । निजको अनुपस्थितिमा सदस्यहरु मध्येबाट छानेको व्यक्तिले बैठकको अध्यक्षता गर्नेछ । बैठकको निर्णय सदस्य सचिवले प्रमाणित गर्नेछ ।

(३) बैठक सन्चालनको कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

११. जलश्रोत उपयोगको सर्वेक्षण अनुमतिपत्रको दरखास्त दिनेः (१) जलश्रोत उपयोगको सर्भेक्षण अनुमति पत्र लिन चाहने व्यक्ति वा संगठित संस्थाले अनुसूची ३ बमोजिमको ढाँचामा विस्तृत विवरण खुलाई गाउँ जलश्रोत समिति समक्ष निवेदन दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम दरखास्त परेपछि समितिले पेश भएको निवदेन उपर जाँचबुझ गर्नुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम जाँचबुझ गर्दा उपयुक्त देखिएमा समितिले जलश्रोत उपयोगको सर्वेक्षण अनुमति पत्र दिनुपर्नेछ । यसरी अनुमति प्राप्त गरेको व्यक्तिले सर्वेक्षणको काम समाप्त गरेको मितिले तीस दिन भित्र प्रतिवेदन गाउँ जलश्रोत समिति समक्ष पेश गर्नु पर्नेछ ।

Scanned with CamScanner

१२. जलश्रोत उपयोग अनुमतिपत्रको लागि दरखास्त दिनेः (१) जलश्रोतको उपयोग गर्न चाहने व्यक्ति वा संगठित संस्थाले अनुसूची -४ बमोजिमको ढाँचामा प्रस्तावित परियोजनासंग सम्वन्धित देहायको विवरणहरु खुलाई गाउँ जलश्रोत समिति समक्ष दरखास्त फारम दिनु पर्नेछ ।

(क) परियोजना बिस्तृत विवरण (परियोजना स्थलको नक्शा, उपयोग गरिने पानीको श्रोत, परियोजना सम्पन्न गर्न लाग्ने अनुमानित समय, लागत, परियोजनाको सहभागीहरुको नाम र तिनिहरुको संलग्नताको किसिम, परियोजनामा अन्तिम स्वामित्व रहने व्यक्ति वा संगठन संस्था तथा त्यस्तो संस्थाका संचालकहरुको नाम, थर र वतन समेत स्पष्ट रुपमा खुलाउनु पर्छ । )

(ख) सम्भाव्यताको विश्लेषण (परियोजनाको विस्तृत नक्शा सहितको प्राविधिक विवरण तथा आर्थिक विश्लेषण र उपभोक्ताहरुको विवरण),

(ग) वित्तीय व्यवस्था (परियोजनाको अनुमानित वित्तीय व्यवस्था, परियोजनाको लगानीकर्ताहरुको आर्थिक हैसियत, परियोजनामा प्रत्यक्ष रुपले सहभागी हुने वित्तीय संस्थाहरुको प्रतिबद्धता र लगानीकर्ताहरुको दायित्व तथा शेर पूँजी र ऋणको प्रतिशत)

(घ) घर जग्गाको उपयोग वा प्राप्ती परियोजना निर्माण कार्यको लागि स्थायी वा अस्थायी तवरबाट उपयोग वा प्राप्तीको लागि चाहिने सरकारी वा गैर सरकारी जग्गाको कुल क्षेत्रफल र जग्गाधनीहरुको लागत,

(ङ) वातावरणीय प्रभाव विश्लेषण (परियोजनाले वातावरणमा पार्ने उल्लेखनीय प्रतिकुल प्रभावलाई न्यूनतम गर्न अपनाउने उपायहरु तथा जलश्रोतमा रहने जलचर एवं जल वातावरण संरक्षणको लागि अपनाउने उपायहरु, परियोजनाको सम्बन्धित क्षेत्रमा पार्न सक्ने सामाजिक तथा आर्थिक प्रभावको अतिरिक्त विद्यमान स्थानीय श्राम तथा श्रोत र साधनको उपयोग, परियोजना सम्बन्धी कार्य पुरा भएपछि त्यस क्षेत्रका व्यक्तिहरुले पाउने लाभ, निर्माण तथा सञ्चालन सम्भार सम्बन्धमा स्थानीय जनतालाई दिइने तालिम, निर्माण शिविरको लागि आवश्यक पर्ने सुविधाहरु, सुरक्षात्मक व्यवस्थाहरु तथा परियोजना सञ्चालनबाट सम्बन्धित जग्गाधनीहरुलाई पर्न सक्ने असर, विस्थापित जनसंख्याको लागत र तिनिहरुको पुर्नवासको लागि अपनाउने आवश्यक व्यवस्था समेत स्पष्ट रुपमा खुलाउनु पर्छ),

१३. दरखास्त उपर जाँचबुझः (१) दफा १२ बमोजिम दरखास्त प्राप्त भएपछि यस कार्यविधि बमोजिम दरखास्त साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरु विवरण वा प्रतिवेदन पेश गरे नगरेको सम्बन्धमा गाउँ जलश्रोत समितिले आवश्यक जाँचबुझ गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम जाँचबुझ दर्ता दरखास्तवालाले दरखास्त साथ पेश गर्नु पर्ने कुनै कागजात, विवरण वा प्रतिवेदन पेश गरेको रहेनछ भने त्यस्तो कागजात, विवरण वा प्रतिवेदन पेश

गर्न गाउँ जलश्रोत समितिले सम्बन्धित दरखास्तवालाई मुनासिब माफिकको म्याद तोकी दरखास्त दर्ता भएको मितिले तीस दिनभित्र सो कुराको सूचना दिनु पर्नेछ ।

(३) दफा (२) बमोजिम कुनै कागजात, विवरण वा प्रतिवेदन पेश गर्न गाउँ जलश्रोत समितिले म्याद तोकी सूचना दिएकोमा जुन मितिमा त्यस्स्तो कागात प्राप्त हुन आउँछ । सोही मितिलाई दरखास्त परेको मिति मानिनेछ ।

१४. सार्वजनिक सूचना प्रकाशित गर्नुपर्ने: (१) दफा १२ बमोजिम जलश्रोतको उपयोगको अनुमतिपत्रको लागि दरखास्त परेपछि गाउँ जलश्रोत समितिले दफा १३ बमोजिम आवश्यक जाँचबुझ गरी तत्सम्बन्धी विवरणहरु खुलाई सार्वजनिक जानकारीको लागि सूचना प्रकाशित गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम जाँचबुझ दर्ता दरखास्तवालको दरखास्त साथ पेश गर्नु पर्ने कुनै कागजात, विवरण वा प्रतिवेदन पेश गरेको रहेनछ भने त्यस्तो कागजात, विवरण वा प्रतिवेदन पेश गर्न गाउँ जलश्रोत समितिले सम्बन्धित दरखास्तवालाई मुनासिब माफिकको म्याद तोकी दरखास्त दर्ता भएको मितिले तीस दिन भित्र सो कुराको सूचना दिनु पर्नेछ ।

(३) दफा (२) बमोजिम कुनै कागजात, विवरण वा प्रतिवेदन पेश गर्न गाउँ जलश्रोत समितिले म्याद तोकी सूचना दिएकोमा जुन मितिमा त्यस्तो कागजात प्राप्त हुन आउँछ सोही मितिलाई दरखास्त पेरको मिति मानिनेछ ।

१५. अनुमतिपत्र दिने: दफा १२ बमोजिम दरखास्त उपर दफा १३ र १४ बमोजिम कार्यविधि पूरा गरी गराई गाउँ जलश्रोत समितिले दरखास्तवालाको माग बमोजिम वा आवश्यक भए संशोधन समेत गरी अनुसूची-५ बमोजिमको ढाँचामा दरखास्तवालालाई जलश्रोतको उपयोग सम्बन्धी अनुमतिपत्र दिनु पर्नेछ ।

१६. जलश्रोत माथि अधिकार कायम हुने: यस कार्यविधि बमोजिम जलश्रोतको उपयोग सम्बन्धी कार्य सञ्चालन गर्न अनमतिपत्र प्राप्त व्यक्तिलाई अनुमतिपत्रमा उलेख भए बमोजिमको लागि सोही अनुमतिपत्रमा तोकिएको स्थान र क्षेत्रसम्मको जलश्रोत उपयोग गर्ने अधिकार पाप्त हुनेछ ।

१७. नयाँ अनुमतिपत्र लिनुपर्ने: (१) कार्यविधि प्रारम्भ हुनु अगावैदेखि जलश्रोतको उपयोग गरिरहेको व्यक्ति वा संगठन संस्थाले पनि दफा १२ मा उल्लेखित विवरणहरु खुलाई कार्यविधि प्रारम्भ भएको मितिले एक वर्ष भित्र गाउँ जलश्रोत उपयोग अनुमतिपत्रको लागि दरखास्त दिनेछ ।

(२) उपदफा (१०) बमोजिम पर्न आएको दरखास्त उपर सम्बन्धित गाउँ जलश्रोत समितिले आवश्यक जाँचबुझ गरी दरखास्तवालाई अनुसूची -६ बमोजिमको ढाँचामा अंनुमतिपत्र दिनेछ ।

Scanned with CamScanner

१८. अनुमति पत्र दस्तुरः यो कार्यविधि बमोजिमको जलश्रोत उपयोग सम्बन्धी कार्य सञ्चालन गर्न अनुमतिपत्रको लागि दरखास्त दिंदा अनसूची -७ मा तोकिए बमोजिमको अनुमतिपत्र दस्तुर बुझाउनु पर्नेछ ।

१९. अनुमतिपत्र नवीकरण गर्नेः (१) यो कार्यविधि बमोजिम जलश्रोतको सर्वेक्षण वा उपयोगको लागि अनुमतिपत्रमा उल्लेखित अवधि समाप्त हुनु अगावै अर्को अवधिको लागि अनुमतिपत्र नवीकरण गर्नु पर्नेछ ।

(२) प्रत्येक अनुमतिपत्र नवीकरण गराउँदा अनुसूची-७ मा तोकिएको दस्तुरको पचास प्रतिशत नवीकरण दस्तुर लाग्नेछ ।

२०. अनुमतिपत्र विक्री वा हस्तान्तरण गर्न स्वीकृति लिनु पर्नेः (१) अनुमतिपत्र प्राप्त व्यत्तिले आफ्नो अनुमतिपत्र विक्री गर्न वा अन्य कुनै प्रकारले कसैलाई हस्तान्तरण गर्नु परेमा गाउँ जलश्रोत समिति समक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त भएको निवेदन उपर गाउँ जलश्रोत समितिले आवश्यक जाँचबुझ गरी दरखास्तवालको नाउँमा रहेको अनुमतिपत्र अन्य व्यक्ति वा संगठित संस्थाको नाउँमा विक्रि गर्न वा अन्य कुनै प्रकारले हस्तान्तरण गर्न स्वीकृति दिन सक्नेछ ।

२१. वार्षिक शुल्कः अनुमतिपत्र प्राप्त व्यक्तिले जलश्रोतको उपयोग गरी अन्य व्यक्तिहरुलाई व्यापारिक प्रयोजनको लागि जलश्रोत उपलब्ध गराए वापत गाउँपालिकालाई बुझाउनु पर्ने वार्षिक शुल्क अनुसूची-८ बमोजिम तोकिए बमोजिम हुनेछ ।

२२. गाउँपालिकाले निर्देशन दिन सक्नेः गाउँपालिकाले जलश्रोत उपयोग सम्बन्धमा गाउँ जलश्रोत समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ । त्यस्तो निर्देशनको पालना गर्नु गाउँ जलश्रोत समितिको कर्तव्य हुनेछ ।

२४. अनुसूचीमा हेरफेर वा थपघट गर्न सक्नेः गाउँपालिकाले स्थानीय राजपत्रमा सूचना प्रकाशित गरी यस कार्यविधिको अनुसूचीमा आवश्यकतानुसार हेरफरे वा थपघट गर्न सक्नेछ ।

Scanned with CamScanner

अनुसूची-१
(दफा ५ को उपदफा (२) बमोजिम)
निवेदनको ढाँचा

श्री गाउँ श्रोत अध्यक्ष ज्यू,
भिमसेनथापा गाउँपालिका, गाउँ जलश्रोत समिति,
खाञ्चोक,गोरखा ।

विषयः जलश्रोत मुहान /सिंचाई / दर्ता तथा संरक्षणको लागि ।

महोदय,
हामीले ..............................उपभोक्ता संस्था गठन गरी दर्ता गराउन चाहेको हुँदा प्रचलित नियम बमोजिम उपभोक्ता संस्था दर्ता गराउन देहायको विवरण खुलाई प्रस्तावित उपभोक्ता संस्थाको एक प्रति विधान र जलश्रोत दर्ता कार्यको लागि निवेदन दस्तुर वापत रसिद नं. ... बाट रु १००। एक सय रुपैंया दस्तुर सहित दरखास्त दिएका छौं ।

**विवरणः**

१. उपभोक्ता संस्थाको नामः
२. कार्य क्षेत्रः
३. उद्देश्यहरुः
(क)
(ख)
४. उपभोक्ता समितिका पदाधिकारी/सदस्यहरुको विवरण

| सि.नं. | नाम | ठेगाना | पेशा | कैफियत |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |
| ५ | | | | |
| ६ | | | | |
| ७ | | | | |

५. उपयोग गरिने जलश्रोतको विवरणः
(क) जलश्रोतका नाम र रहेको ठाउँः
(ख) जलश्रोतबाट गरिने प्रयोगः
(ग) उपभोक्ता संस्थाले उपयोग गर्न चाहेको जलश्रोतको परिणामः
(घ) उक्त जलश्रोतको हाल भैरहेको उपभोगः

Scanned with CamScanner

६. उपभोक्ता संस्थाले पुऱ्याउन चाहेको सेवा सम्बन्धी विवरण:

(क) सेवाको किसिम:

(ख) सेवा पुऱ्याउने क्षेत्र:

(ग) सेवावाट लाभान्वित हुने उपभोक्ताहरुको संख्या:

(घ) भविष्यमा सेवा विस्तार गर्न सकिने सम्भवना:

७. आर्थिक श्रोतको विवरण:

केन्द्र/प्रदेश/स्थानीय सरकार: गै.स.स.: जनसहभागिता:

८. कार्यालयको ठेगाना:

निवेदक

उपभोक्ता संस्थाको तर्फबाट दरखास्त दिनेको

सही:

नाम:

पद:

ठेगाना:

अनुसूची-२

(दफा ७ को उपदफा (१) बमोजिम)

भिमसेनथापा गाउँपालिका

गाउँ जलश्रोत समिति, गोरखा ।

दर्ता मितिः

दर्ता नं.:

श्री ..........................................

..................................................

..................................................

विषयः जलश्रोत उपभोक्ता संस्था दर्ता प्रमाण पत्र ।

भिमसेनथापा गाउँपालिका वडा नं. ... मा रहेको .................................. जलश्रोत मुहान ..........................................खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थालाई गाउँ जलश्रोत कार्यविधिको दफा ७ को उपदफा (१) बमोजिम गाउँ कार्यपालिकाको बैठक संख्याः ...... मितिः ................ को निणर्य नं.:... बमोजिम यस कार्यालयमा दर्ता गरी यो दर्ता प्रमाणपत्र प्रदान गरिएको छ । गाउँपालिकाको निर्देशन तथा गाउँ जलश्रोत कार्यविधि बमोजिम कार्यक्रम सञ्चालन गर्नु होला । संस्थाको कार्यक्षेत्र गाउँपालिको वडा नं .... रहनेछ । साथै प्रत्येक आर्थिक वर्षको आश्विन मसान्तसम्म संस्था नविकरण गर्नुहुन समेत जानकारी गराईन्छ ।

प्रमाणपत्र जारी गर्नेको
दस्तखतः
नाम, थरः
पदः
मितिः

अनुसूची-३

जलश्रोतको प्रयोगको सर्वेक्षण अनुमतिपत्रको लागि दरखास्त फारम

श्री अध्यक्ष ज्यू,
गाउँ जलश्रोत समिति,
भिमसेनथाप गाउँपालिका, गोरखा ।

विषयः जलश्रोतको प्रयोगको सर्वेक्षण अनुमतिपत्र सम्बन्धमा ।

भिमसेनथापा गाउँपालिका वडा नं. ... मा रहेको ................................. जलश्रोत उपयोगको निमित्त सर्वेक्षण गर्नको लागि अनुमतिपत्र पाउन जलश्रोत तथा मुहान दर्ता कार्यविधिको दफा .... बमोजिम देहायको विवरण खुलाई यो दरखास्त पेश गरेको छु ।

१. व्यक्ति वा संगठित संस्थाको नाम र ठेगानाः

२. उद्देश्यः

३. सर्वेक्षण गर्ने क्षेत्रः

४. सर्वेक्षण गर्न लाग्ने अनुमानित खर्च रुः

(पृष्ट्याई विवरण संलग्न गर्नुपर्नेछ)

५. सर्वेक्षण गर्ने अवधिः

६. अन्य विवरणहरु (जलश्रोत नियमावली, २०५० को नियम १२ बमोजि) माथि उल्लेखित व्यहोरा ठीक साँचो हो झुठा ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।

संगठित संस्था भए सो संस्थाको छाप सम्बन्धित व्यक्ति वा संगठित संस्थाको तर्फबाट :

दरखास्त दिनेको :

दस्तखतः

नाम, थरः

मिति :

प्रमाणपत्र जारी गर्नेको

दस्तखतः

नाम, थरः

पद :

मिति :

Scanned with CamScanner

अनुसूचि - ४

## जलश्रोतको उपयोगको सर्वेक्षण अनुमतिपत्र
## गाउँ जलश्रोत समिति

अनुमति पत्र संख्या :

मिति :

श्री

महाशय,

तपाईलाई जलश्रोतको उपभोगको सर्वेक्षण गर्न पाउने गरी देहायको विवरण खोली यस गाउँ जलश्रोत तथा मुहान दर्ता कार्यविधि वमोजिमको अनुमति पत्र प्रदान गरिएको छ ।

१. व्यक्ति वा संगठित संस्थाको नाम :

२. जलश्रोत सर्वेक्षणको उद्देश्य :

३. जलश्रोत सर्वेक्षणको क्षेत्र :

४. अनुमति पत्र वहाल रहने अवधि :

अनुमति पत्र दिने अधिकारीको :

नाम :

सही :

पद :

मिति :

Scanned with CamScanner

अनुसूचि - ५
(दफा १२ वमोजिम)
जलश्रोतको उपयोग अनुमतिपत्रको लागि गाउँ जलश्रोत समिति

श्री अध्यक्ष ज्यू,
गाउँ जलश्रोत समिति,
भिमसेनथाप गाउँपालिका, गोरखा ।

विषय : जलश्रोतको उपभोगको अनुमतिपत्र सम्वन्धमा ।

जलश्रोतको उपभोगको निमित्त अनुमति पत्र पाउन मुहान दर्ता सम्वन्धी जलश्रोत कार्यविधि, २०७६ को दफा १२ वमोजिम देहायका विवरणहरु समेत खुलाई यो दरखास्त पेश गरेको छु ।

१. व्यक्ति वा संगठित संस्थाको नाम र ठेगाना :
२. उद्देश्य :
३. उपभोग गर्न खोजेको जलश्रोतको र उपभोग परिमाण गर्ने प्रयोजन :
४. प्रस्तावित जलश्रोतको उपयोग गर्ने ठाउँ :
५. जलश्रोतको उपयोगवाट लाभ पुग्ने ठाउँको क्षेत्रफल
६. प्रस्तावित सेवावाट लाभान्वियत हुने उपभोक्ताहरुको संख्या :
७. जलश्रोतको उपयोगको लागि लाग्ने अनुमानित रकम र सोको श्रोत :
८. जलश्रोत उपयोग गर्ने तरिका :
९. जलश्रोतको हाल भैरहेको र भविष्यमा हुन सक्ने उपयोग :
१०. अन्य विवरणहरु :

माथि उल्लेखित व्यहोरा ठीक साचो हुन झुट्टा ठहरेमा कानुन वमोजिम सहुँला बुझाउँला ।
संगठित संस्था भए सो संस्थाको छाप सम्वन्धित व्यक्ति सा संगठित संस्थाको तर्फवाट :

दरखास्त दिनेको :
नाम थर :
सहि :
पद :
मिति :

Scanned with CamScanner

# अनुसूची-६

## जलश्रोतको उपयोगको अनुमतिपत्र

अनुमतिपत्र संख्याः

मितिः

श्री ...............................................

...............................................

खाञ्चोक, गोरखा ।

विषयः जलश्रोतको उपयोगको अनुमतिपत्र सम्बन्धमा ।

महाशय,

तपाईलाई जलश्रोतको उपयोग गर्न पाउने गरी देहायको विवरण खोली जलश्रोत तथा मुहान दर्ता कार्यविधि २०७६ बमोजिम यो अनुमतिपत्र प्रदान गरिएकोछ ।

१. व्यक्ति वा संगठित संस्थाको नाम र ठेगानाः
२. जलश्रोत उपयोगको उद्देश्यः
३. उपयोग गर्न खोजेको जलश्रोतको नामः
किसिमः रहेको स्थानः
४. उपयोग गर्न पाउने जलश्रोत परिमाणः ५.उपयोग गर्ने क्षेत्रः
६. जलश्रोत उपयोग गर्ने तरिकाः
७. प्रस्तावित सेवावाट लाभान्वित हुने उपभोक्ताहरुको संख्याः
८. अनुमतिपत्र वहाल रहने अवधिः

अनुमतिपत्र दिने अधिकारीको
नाम र थरः
सहीः
पदः
मितिः

अनुसूची-७

जलश्रोतको उपयोगको अनुमतिपत्र/नविकरण दस्तुर

| सि.न. | जलश्रोत उपयोगको किसिम | निवेदन दस्तुर | दर्ता/अनुमति दस्तुर | नविकरण दस्तुर (प्रत्येक वर्ष आश्विन मसान्त सम्म) | आश्विन भन्दा पछि थप दस्तुर प्रति वर्ष |
|---|---|---|---|---|---|
| क | खानेपानी मुहान दर्ता ( घरेलु प्रयोजनको लागि) | रु १००। | १०००। | ५००। | ५००। |
| ख | सिंचाई | रु १००। | २०००। | १०००। | १०००। |
| ग | पशुपालन, मत्स्यपालन जस्ता कृषिजन्य उपयोग | रु १००। | १०००। | ५००। | ५००। |
| घ | घरेलु उद्योग, आधोगिक व्यवसाय तथा खानी जन्य उपयोग | रु १००। | २०००। | १०००। | १०००। |
| ङ | जल यातायात | रु १००। | ५०००। | | |
| च | आमोद प्रमोदजन्य उपयोग | रु १००। | ५०००। | | |
| छ | अन्य उपयोग (साना लघुविद्युत आयोजना, अन्य आयोजना) | रु १००। | ५०००। | | |

ईश्वर घिमिरे
अध्यक्ष

Scanned with CamScanner